केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/५/०७५/७६

मितिः २०७५/०६/०४

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको "भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२" मा देहाय बमोजिमको संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. उक्त कार्यविधिको बुँदा नं. ३ लाई खारेज गरी देहायबमोजिमको व्यवस्था कायम गरिएको छ।

(३) बैंक तथा वित्तीय संस्थाले आवासीय घर पुनर्निर्माण गर्न प्रदान गर्ने ऋणमा बढीमा २ बर्षको लागि शून्य व्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराइने छ। यस्तो कर्जामा बैंक तथा वित्तीय संस्थाले ग्राहकसंग अधिकतम २ प्रतिशत मात्र ब्याज लिनु पर्नेछ। पुनरकर्जाको अवधि ब्यतित भएपछि बैंक तथा वित्तीय संस्थाले उक्त कर्जामा आफ्नो Cost of Fund मा बढीमा २ प्रतिशत बिन्दुसम्म थप गरी ब्याजदर कायम गर्नुपर्नेछ। यस प्रयोजनका लागि अघिल्लो त्रयमासको अन्तिम महिनाको औसत Cost of Fund लाई चालु त्रयमासमा आधारको रुपमा लिनु पर्नेछ।

२. उक्त कार्यविधिको बुँदा नं. ५ लाई खारेज गरी देहायबमोजिमको व्यवस्था कायम गरिएको छ।

(५) शुरुको एक वर्ष ग्रेस अवधि हुने गरी यस्तो कर्जाको न्यूनतम अवधि ५ वर्ष र अधिकतम १० वर्षसम्मको हुनेछ। कुनै ऋणीले अग्रीम भुक्तानी गर्न चाहेमा कुनै पनि प्रकारको अग्रीम भुक्तानी शुल्क लाग्ने छैन। पुनरकर्जाको अवधि समाप्त भए पश्चात् यस्तो कर्जामा बढीमा ८ वर्षका लागि यस बैंकवाट ब्याज अनुदान प्रदान गरिनेछ।

३. उक्त कार्यविधिमा बुँदा नं. ५ पछि देहायबमोजिमका व्यवस्थाहरु थप गरी क्रमसंख्या मिलान गरिएको छ।

(६) बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जामा ऋणीसँग असुल उपर गर्नुपर्ने ब्याजमध्ये २ प्रतिशत सम्बन्धित ऋणीवाट असुल गर्ने र बाँकी ब्याज रकम यस बैंकवाट त्रैमासिक रुपमा त्रयमास समाप्त भएको मितिले १५ दिन भित्र **संलग्न ढाँचा बमोजिम** सोधभर्ना माग गर्नु पर्नेछ। यसरी माग भएको ब्याज अनुदान वापतको रकम यस बैंकवाट त्रयमास समाप्त भएको मितिले एक महिना भित्रमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको खातामा रकमान्तर गरिनेछ।

(७) यस कार्यविधि बमोजिम प्रदान गरिएको कर्जालाई पुनरकर्जा अवधि समाप्त भएपश्चात बैंक तथा वित्तीय संस्थाले विपन्न वर्ग कर्जामा गणना गर्न सक्नेछन्। साथै, CCD ratio गणना गर्दा यस्तो कर्जा कुल कर्जाबाट घटाउन सकिनेछ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(८) यस्तो ब्याज अनुदान सुविधा "सक्रिय" कर्जामा मात्र प्रदान गरिनेछ ।

(९) २०७५ असोजमसान्त पश्चात् भूकम्प प्रभावितहरुलाई प्रदान भएको कर्जामा पुनरकर्जा लगायतका ब्याज अनुदान सुविधा प्रदान गरिने छैन ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

मितिः २०७.. / .. / ..

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय :- भूकम्प पुनर्निर्माण कर्जाको आ.व....... को ........ त्रैमासको अनुदान बारे ।

महाशय,

यस बैंकले "भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२" अनुरुप प्रवाह गरेको कर्जामा यसैसाथ संलग्न विवरण बमोजिमका ऋणीहरुले अनुदान पाउने बाहेकको ब्याज रकम जम्मा गरेकोले उक्त कर्जाहरुमा पाउने ब्याज अनुदान वापतको रकम कुल रु ............... (अक्षरेपी ........................................) तहाँको बैकिङ्ग कार्यालय स्थित यस बैंकको खाता नं. ......................... मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं । साथै, उपरोक्त अवधिमा सम्बन्धित ऋणहरुबाट ब्याज वापत रकम रु ...............................(अक्षरेपी .....................................) असुल उपर भइसकेको व्यहोरा समेत अनुरोध छ ।

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| विभाग/कार्यालय : | विभाग/कार्यालय : |
| | छापः |

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

मितिः २०७.. / .. / ..

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय : ब्याजमा अनुदान प्रदान गरिएका भूकम्प पुनर्निर्माण कर्जाको ........ त्रैमासको विवरण ।

महाशय,

"भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२" अनुरुप प्रवाह भएको कर्जाको त्रैमासिक विवरण देहाय बमोजिम रहेको छ ।

**ब्याज अनुदान शोधभर्ना पाउनुपर्ने कर्जाको विवरण**

| क्र.सं. | ऋणीको नाम | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा (रु) | कायम भएको ब्याजदर | यस अवधिमा ऋणीबाट असुल भएको ब्याज रकम (रु) | ब्याज अनुदान रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

शोधभर्ना पाउनुपर्ने जम्मा रकम रु.................. अक्षरेपी .................

दस्तखतः
नाम :
पद :
विभाग/कार्यालय :

दस्तखतः
नाम :
पद :
विभाग/कार्यालय :
छाप :

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

मितिः २०७.. / .. / ..

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय : ब्याजमा अनुदान अन्तर्गत प्रवाह भई नियमित नभएका कर्जाको .........त्रैमासिक विवरण ।

महाशय,

"भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२" अनुरुप प्रवाह भई नियमित नभएका कर्जाको त्रैमासिक विवरण देहाय बमोजिम रहेको छ ।

**नियमित नभएका कर्जाको विवरण**

| क्र.सं. | ऋणीको नाम | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा (रु) | कायम भएको ब्याजदर | यस अवधिमा ऋणीबाट असुल हुनुपर्ने ब्याज रकम (रु) | ब्याज अनुदानको अनुमानित रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

असुल हुन बाँकी जम्मा साँवा ब्याज रकम रु.................. अक्षरेपी ............................

दस्तखतः
नामः
पदः
विभाग/कार्यालय :

दस्तखतः
नामः
पदः
विभाग/कार्यालय :
छापः